स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

प.सं: २०८०/८१

च.नं

मिति:२०८१/०३/३१

### सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना।

सामाजिक सुरक्षा नियमावली, २०७६ (दोस्रो संशोधन) नियम (९) को उपनियम (१) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले २०८१ श्रावण १ गते देखि भाद्र मसान्तभित्रमा सम्बन्धित वडा कार्यालयमा स्वयं उपस्थित भई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउनु हुन सम्बन्धित सबैमा सूचित गरिन्छ। सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा (४) को उपदफा (६) बमोजिम म्याद भित्र नविकरण नभएमा लाभग्राहीहरुको स्वत: लगत कट्टा हुने हुँदा नविकरण नभएका लाभग्राहीहरुलाई आ.व. २०८१/०८२ मा भत्ता उपलब्ध नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

**नविकरणका लागि आवश्यक कागजातहरु:**

*१. नेपालि नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति*
*२. फोटो २ प्रति*
*३. सामाजिक सुरक्षा परिचयपत्रको प्रतिलिपि १ प्रति*
*४. बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति*
*५. अपाङ्गको हकमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि १ प्रति*
*६. एकल महिलाको हकमा एकल भएको प्रमाणको प्रतिलिपि १-१ प्रति (वडाको सिफारिस/मृत्युदर्ता)*
*७. एकल पुरुषको हकमा एकल भएको प्रमाणको प्रतिलिपि १-१ प्रति (वडाको सिफारिस/मृत्युदर्ता)*

..........................................

(राजुभाइ श्रेठ)

प्रमुख प्रशासकीय अधिकृत